# कुम्मायक गाउँपालिका

# स्थानीय राजपत्र

मिति: २०८१/०९/२९

**भाग-२**

**कुम्मायक गाउँपालिका**

## कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि- २०८१

**१. प्रस्तावनाः-** कोशी प्रदेश "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" मा गरिएको तह बृद्धि सम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी कुम्मायक गाउँपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

**२. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि-२०८१" रहेको छ। २) यो कार्यविधि तुरुन्त लागु हुनेछ। (३) यो कार्यविधि कुम्मायक गाउँपालिका तथा अन्तरगतको स्वास्थ्य संस्थामा लागु हुने छ।

**३. परिभाषाः** विषय वा प्रशंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क)"ऐन" भन्नाले कोशी प्रदेशबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० सम्झनु पर्छ।

(ख)"कर्मचारी" भन्नाले कुम्मायक गाउँपालिका अन्तर्गतको सेवाका पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ । सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम कुम्मायक गाउँपालिकामा समायोजन भएका कर्मचारी साथै संघीय तथा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भै कुम्मायक गाउँपालिकामा स्थायी नियुक्ति भएका कर्मचारी समेतलाई जनाउँदछ।

(ग)"कार्यालय" भन्नाले कुम्मायक गाउँपालिकाको कार्यालय सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्छ ।

(ङ)"गाउँपालिका" भन्नाले कुम्मायक गाउँपालिकालाई सम्झनु पर्छ।

(च) "गाउँ कार्यपालिकाका" भन्नाले कुम्मायक गाउँपालिको कार्यपालिकालाई सम्झनु पर्दछ।

(छ)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कुम्मायक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(ज)"प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेश लोक सेवा आयोग लाई सम्झनु पर्छ।

(झ) "" तह वृद्धि" भन्नाले ऐन बमोजिम हुने तहवृद्धि लाई सम्झनु पर्छ।

**४. सूचना प्रकाशन गर्नेः** (१) यो कार्यविधि बमोजिम गाउँपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तह वृद्धिका लागि कार्यालयले प्रत्येक वर्ष तह वृद्धि हुने मिति भन्दा कम्तिमा सम्भाव्य उम्मेदवारहरुका लागि ३० दिनको म्याद दिई तह वृद्धिको लागि निवेदन दिन सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिदा अनुसुची १ बमोजिमको ढाँचामा दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रकाशित सूचना गाउँपालिकाको सूचना पाटी, वडा कार्यालयहरुको सूचना पाटी र गाउँपालिकाको वेव साइटमा प्रकाशन गरिनेछ।

**५. निवेदन दिनु पर्नेः-** १) तह वृद्धि हुन चाहाने कर्मचारीले देहायका कागजात सहित निवेदन दिनुपर्नेछः-

क) पछिल्लो तीन बर्षको कार्यसम्पादन मूल्याङ्कन फारम वुझाएको कार्यालयको नाम स्पष्ट खुलाई अनुसुची १ बमोजिमको निवेदन।

ख) सेवा अवधि पुष्टि गर्ने नियुक्ति/बढुवाको प्रतिलिपि,

ग) समायोजन भएको भए स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि

घ) विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको, र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,

ङ) पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र)

च) ऐनको दफा २७ को उपदफा ४ बमोजिमको सिफारिस समितिले माग गरेका अन्य कागजातहरू।

६. **सिफारिस समितिः-** (१)यस कार्यविधि बमोजिम तह वृद्धि गर्न देहायका सदस्य सहितको सिफारिस समिति रहनेछः

क. प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

ख. वरिष्ठतम अधिकृतमध्ये कार्यपालिकाले तोकेको एक महिला सहित २ जना अधिकृत- सदस्य

७. **आवश्यक न्युनतम योग्यता र सेवा अवधिः-** स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको पाँचौं तहबाट छैठौं तहमा, सातौं तहबाट आठौं तहमा तथा नवौं तहबाट दशौ तहमा तह वृद्धि गर्दा तह वृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा पाँच वर्ष सेवा अवधि पुरा भई पछिल्लो तिन वर्षको कार्य सम्पादन मुल्यांकनमा औसत नब्बे प्रतिशत अंक प्राप्त गरेको कर्मचारीलाई सम्बन्धित सेवा समुह, उपसमुहको पदमा तह वृद्धि गरिनेछ ।

८. **तह वृद्धि सम्बन्धी विषेश व्यवस्थाः-** कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्थाः- कोशी प्रदेश बाहिर "कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गतका स्थानीय तहमा दरबन्दी भएका कर्मचारीहरूलाई दरवन्दी भएको स्थानीय तहमा तह वृद्धि हुनेछ। एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तह वृद्धि हुनेछ ।

९. **ज्येष्ठता कायम हुनेः-** यस कार्यविधि बमोजिम तह वृद्धि हुने कर्मचारीको ज्येष्ठता हरेक वर्षको माघ १ गते र श्रावण १ गतेबाट कायम गरिने छ।

१०.**बाधा अड्काउ फुकाउ :** यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार ऐनको दफा २७ को उपदफा (४) बमोजिमको समितिलाई हुनेछ।

११.**तह वृद्धि गर्न नहुनेः-** १) यस कार्यविधि अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ३० बमोजिम अयोग्यता भएको कर्मचारीको हकमा यस कार्य विधिको दफा ६ को उपदफा (१) बमोजिमको समितिले तह बृद्धिका लागि सिफारिस गर्न पाइने छैन।

१२.**तह वृद्धि गर्नु पर्ने-** १) यस कार्यविधि बमोजिम तह वृद्धिका लागि ऐनको दफा २७ को उपदफा (४) बमोजिमको समितिले दरखास्त दिने म्याद सकिएको ७ दिन भित्र तह वृद्धिका लागि सिफारिस गरि सक्नु पर्नेछ र सो सिफारिस प्राप्त भएको ७ दिन भित्र ऐनको दफा २७ को उपदफा (३) बमोजिम कार्यपालिकाले निर्णय गरि तह वृद्धिको पत्र दिनुपर्ने छ ।

२) यस कार्यविधि अनुरुप तहबृद्धि भएका कर्मचारीलाई अनुसुचि २ बमोजिमको ढाँचामा तह बृद्धिको पत्र दिइनेछ।

१३.**तह बृद्धि भएका कर्मचारीको सेवा, सुविधाः** (१) यस कार्यविधि बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलव भन्दा घटी हुने भएमा खाईपाई आएको तलवभन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।

१४.**सार्वजनिक गर्नेः** तह वृद्धि भएका कर्मचारीको विवरण कार्यालयले आफ्नो सूचना पाटी र बेबसाइटमा अनिवार्य राख्नु पर्ने छ।

१५.**सचिवालयः** तह वृद्धि सम्बन्धी कार्य गर्न यस कार्यालयको प्रशासन शाखाले सचिवालयको काम गर्ने छ।

१६.**जानकारी दिनु पर्नेः** यस कार्यविधि बमोजिम कार्यालयले गरेको तह बृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा मन्त्रालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ ।

१७.**उजुरी/ गुनासो**: तह बृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

१८.**प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१९.**खारेजी र बचाउः** साविकमा कुम्मायक गाउँपालिकाको कर्मचारी तह वृद्धि/बढुवा सम्बन्धी कार्यविधि, २०८० खारेज गरिएको र उक्त कार्यविधि बमोजिम भए गरेका कामकारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरिएको मनिनेछ।

# अनुसुची १

मिति:

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
कुम्मायक गाउँपालिकाको, कार्यालय,यासोक।

**विषयः तह वृद्धि गरि पाउँ।**

प्रस्तुत सम्बन्धमा यस कुम्मायक गाउँपालिकाको तह बृद्धि सम्बन्धी मिति..................... गते प्रकाशित सूचना अनुसार हाल म तपसिल पद तथा तहमा कार्यरत र उक्त सूचना बमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तपसिल बमोजिम कागजात सहित यो निवेदन पेश गर्दछु।

१. स्थायी नियुक्तीको पत्र ।
२. समायोजनको पत्र।(समायोजन भएको कर्मचारीको हकमा मात्र आवश्यक) ।
३. बढुवा/स्तरबृद्धि/तहबृद्धि/सरुवा भएको पत्र ।
४. पछिल्लो ३ वर्षको कार्य सम्पादन मूल्यांकन ।
५. विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको, र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र ।
६. नेपाली नागरिकताको प्रमणपत्र प्रतिलिपि ।
७. शैक्षिक योग्यताको प्रमाणपत्रहरु ।

| **हालको सेवा, समूह, पद, स्तर र कार्यालय** | **तह वृद्धि हुने सेवा, समूह, पद, स्तर र कार्यालय** |
|---|---|
| सेवा: | सेवा: |
| समुहः | समुहः |
| पद: | पद: |
| स्तरः | स्तरः |
| कार्यालयः | कार्यालयः |

माथि उल्लेख सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहूँला बुझाउँला।

**निवेदक**

नामः

दस्तखतः

कर्मचारी संकेत नं.

# अनुसुची २

मितिः

**विषयः तह वृद्धि सम्बन्धमा**

महाशय,

प्रस्तुत बिषयमा तपाईलाई कोशी प्रदेश "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" को दफा २७ को उपदफा (१) तथा कुम्मायक गाउँपालिकाको कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि,२०८१ को दफा १२ मा भएको व्यवस्था बमोजिम मिति ................................गते देखि जेष्ठता कायम हुने गरी देहायनुसार तह वृद्धि गरिएको छ।

तह वृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको कामना छ ।

**देहाय:**

| हालको सेवा, समूह, पद, स्तर र कार्यालय | तह वृद्धि भएको सेवा, समूह, पद, स्तर र कार्यालय |
|---|---|
| सेवा: | सेवा: |
| समुहः | समुहः |
| पद: | पद: |
| स्तरः | स्तरः |
| कार्यालयः | कार्यालयः |

श्री....................................................

कर्मचारीको संकेत नं..............................

.....................

**बोधार्थ**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय, काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, कोशी प्रदेश, विराटनगर, मोरङ्ग ।

श्री राष्ट्रिय किताबखाना, हरिहर भवन, पुल्चोक, ललितपुर ।

श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर, मोरङ्ग ।

श्री प्रदेश किताबखाना, कोशी प्रदेश, विराटनगर, मोरङ ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं ।

श्री कर्मचारी संचय कोष, त्रिदेवी मार्ग, ठमेल, काठमाण्डौं ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, पाँचथर ।

श्री आर्थिक प्रशासन महाशाखा, कुम्मायक गाउँपालिकाको कार्यालय ।

आज्ञाले,

गणेश अधिकारी

प्रमुख प्रशासकीय अधिकृत